जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २८८ | २०८० साल असार ११ गते सोमबार | (26 June 2023 Monday) | मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : बढेन परिवार नियोजनको... ३ पृष्ठमा : अनि जन्मियो जनकपुरमा ... ३ पृष्ठमा : रुस संटकाबीच अमेरिकी ...

# अन्तरघातले सिंगो पार्टी नै कमजोर हुने : मन्त्री यादव

**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

मधेश प्रदेशका कार्यबाहक मुख्यमन्त्री तथा नेपाली काँग्रेस मधेश प्रदेशका सभापती कृष्ण यादवले पार्टी भित्रको गुट उपगुट र अन्तरघातले सिंगो पार्टी नै कमजोर हुने भन्दै एकताबद्ध भएर अघि बढ्न आग्रह गरेका छन् ।

सप्तरीको सप्तकोशी नगरपालिका तथा तिलाडी कोइलाडी गाउँपालिकाको क्रमश नगर र गाँउ सभालाई उदघाटन गर्न आईतवार सप्तरी पुगेका यादवले राजविराजस्थित काँग्रेसको जिल्ला पार्टी कार्यालयमा पार्टी कार्यकर्ता भेलालाई सम्बोधन गर्दै यस्तो आग्रह गरेका हुन ।



"पार्टीले उठाएको आधिकारीक उम्मेदवारलाई अन्तरघात गरी हराउँदा तत्काल कसैलाई आत्मसन्तुष्टी मिल्ला, उनले थपे-तर त्यसले सिंगो पार्टी नै कमजोर बन्ने भएकाले त्यसबाट सबै कार्यकर्तालाई घाटा नै हुनेमा कुनै सन्देह छैन ।"

मधेश प्रदेशका भौतिक पूर्वाधार मन्त्री समेत रहेका यादवले प्रदेशको विकासका लागी आफ्नो मन्त्रालयले सक्दो काम गर्ने प्रतिबद्धता समेत जनाए । कार्यकर्ता भेलामा काग्रेसका जिल्ला सभापती रामदेव साह, उपसभापती राम कुमार यादव, सचिव सन्नत मण्डल, मधेश प्रदेशका सहमहामन्त्री विन्दु कुमारी यादव, जिल्ला सदस्य रामकुमार साह, नेपाल ट्रेड युनिय काग्रेस सप्तरीका अध्यक्ष मनोज कुमार मण्डल, नेविसंघका जिल्ला अधयक्ष राकेश ठाकुर लगायतका साथै ठूलो संख्यामा स्थानीय नेता र कार्यकर्ता सहभागी थिए ।

# तिरहुतको ५० करोड ६७ लाख बजेट



**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

सप्तरीको तिरहुत गाउँपालिकाले आइतबार ८औं गाउँसभा सम्पन्न गरेको छ ।

गाउँपालिका अध्यक्ष बिजय यादवको अध्यक्षतामा सम्पन्न गाउँसभाले आ.ब. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट गाउँसभामा पेश गरेको छ ।

गाउँपालिकाले कुल ५० करोड ६७ लाख ५४ हजार १ सयको बजेट पेश गरेको छ जसमध्ये चालुतर्फ ३४ करोड २२ लाख र पूँजीगत तर्फ १६ करोड ४५ लाख ५४ हजार १ सय खर्च अनुमान गरिएको छ ।

तिरहुत गाउँपालिकाको सभाहलमा गाउँपालिकाका अध्यक्षले नीति तथा कार्यक्रम र उपाध्यक्षले बजेट सभा सदस्य समक्ष पेश गरेका थिए ।

# तिलाठीको आगामी वर्षको बजेट ४२ करोड ९७ लाख ५२ हजार



**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले आ.व. २०८०/०८१ को कुल बजेट ४२ करोड ९७ लाख ५२ हजारको प्रस्तुत गरेको छ ।

आइतबार सम्पन्न गाउँसभाले ब्ययतर्फ ४३ करोड ३७ लाख ५० हजारको बजेट प्रस्तुत गरेको छ । जुन आय भन्दा ३९ लाख ९८ हजार घटी रहेको छ ।

गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डलको अध्यक्षता तथा मधेश प्रदेशका कार्यबाहक मुख्यमन्त्री तथा नेपाली काग्रेस मधेश प्रदेशका सभापती कृष्ण यादवको प्रमुख आतिथ्यमा सभा सम्पन्न भएको सभामा शिक्षा, स्वास्थ्य, महिला तथा किशोरी, खानेपानी तथा सरसफाई लगायतलाई प्राथमिकतामा राखिएको छ ।

त्यस्तै कुल बजेटको चालु तर्फ २८ करोड ८३ लाख ९० हजार र पूँजिगत तर्फ १४ करोड ५३ लाख ६० हजार रहेको छ । तिलाठी कोइलाडी गाउँपालिकाको कुल आन्तरिक आम्दानी ७५लाख रुपैयाँ प्रस्ताव गरिएको छ ।

कूल बजेटमा संघबाट प्राप्त हुने वित्तिय समानिकरणतर्फ ११ करोड १५ लाख र सशर्त अनुदानतर्फ १८ करोड ८२ लाख, राजस्व बाँडफाँडबाट ८ करोड ६ लाख७९ हजार रुपैयाँ, समपुरक अनुदान ५० लाख र विषेश अनुदान तर्फ १ करोड ५० लाख रुपैयाँ रहेको छ ।

यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरणतर्फ ८१ लाख २३ हजार, राजस्व बाँडफाँडबाट ३७ लाख ५० हजार, विशेष अनुदानतर्फ ३० लाख र समपुरक अनुदानतर्फ २० लाख प्राप्त हुनेछ । वडाहरुको सिलिङ्ग ६१ लाख तोकिएको छ ।

# जसपाद्वारा पाँच जना केन्द्रीय सदस्य निष्काशन गर्ने निर्णय

**दैनिक समाचारदाता**
**काठमाडौं, १० असार ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालको शनिबार बसेको केन्द्रीय समितिको बैठकले पार्टीका पाँच जना केन्द्रीय सदस्यलाई पार्टीबाट निष्काशन गर्ने निर्णय गरेको छ ।

शनिबारको बैठकले विसं २०७९ मङ्सिरमा सम्पन्न भएको निर्वाचनमा अन्तर्घात गर्ने पार्टीका केन्द्रीय सदस्य दीपेन्द्र नेम्वाङ, देउकुमार नेम्वाङ, महेन्द्र चौधरी, मनोरञ्जन गोइत र धर्मेन्द्र मरवैतालाई पार्टी सदस्यबाट निष्काशन गर्ने निर्णय गरेको सो पार्टीका केन्द्रीय प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिएका छन् ।

उनका अनुसार छानबिन समितिको प्रतिवेदनको सिफारिसअनुसार पाँच जनलाई पार्टीबाट निष्काशन गरिनुका साथै पार्टीका केही केन्द्रीय नेताहरूलाई नसिहत दिने निर्णय भएको छ । कारबाहीको निर्णयउपर चित्त नबुझेमा सम्बन्धित व्यक्तिले १५ दिनभित्र पार्टीको अनुशासन आयोगमा निवेदन दिनसक्ने सो पार्टीले जनाएको छ ।

**व्यवसायिक कृषिले बनाउँछ सुखी**

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बढेन परिवार नियोजनको साधन प्रयोग दर

**विष्णु नेपाल**

काठमाडौँ, १० असार (रासस)।

एघार वर्षका अवधिमा परिवार नियोजनको आधुनिक साधन तथा विधिको प्रयोग बढाउन गरिएका उपलब्धि शून्य देखिएको छ। सन् २०११ देखि सन् २०२२ सम्ममा यस्ता विधिको प्रगति उकालो लाग्न सकेको छैन। अर्थात् लगातार स्थिर देखिएको छ।

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०११, २०१६ र शुक्रबार सार्वजानिक गरिएको छैटौँ स्वास्थ्य सर्वेक्षण २०२२ मा आइपुग्दा परिवार नियोजनको आधुनिक साधन तथा विधि ४३ प्रतिशतभन्दा उक्लिन सकेको छैन। सन् १९९६ मा प्रयोग प्रतिशत २६, २००१ मा ३५, सन् २००६ मा ४४ थियो। परिवार नियोजनको परम्परागत विधिमा भने थोरै प्रगति देखिएको छ। सन् २०१६ मा १० प्रतिशत रहेका सो विधि १५ प्रशितमा उक्लिएको छ। परम्पारगत विधिमा केही उकालो लाग्नु तर आधुनिक साधन तथा विधिमा स्थिर रहनुले खासै यस क्षेत्रमा सकारात्मक प्रभाव पार्दैन।

चौवालीस प्रतिशतमा उक्लिएको आधुनिक साधन तथा विधि घटेर लगातार एक दशकभन्दा बढी स्थिर हुनुले परिवार व्यवस्थापनका क्षेत्रमा गरिएका लगानीको गम्भीर समीक्षा गर्ने बेला देखिएको छ। यसले परिवार नियोजनको साधन चाहेर पनि प्रयोग गर्न नपाइरहेका सङ्ख्या धेरै छ भन्ने कुरालाई पनि सङ्केत गरेको छ। यसले यो सेवा आवश्यक पर्नेहरूले अन्य विधि अपनाइरहेका अथवा असुरक्षित गर्भपतन गराउनेको सङ्ख्या धेरै रहेको हुनसक्ने सङ्केतसमेत गरेको छ।

पछिल्लो सर्वेक्षणले १५ देखि ४९ वर्षका विवाहिता महिलाले परिवार नियोजनको कुनै न कुनै साधन वा विधि प्रयोग दरमा केही वृद्धि भएको देखाएको छ। स्वास्थ्य सर्वेक्षणमा २०१६ मा यस्तो प्रयोग दर गर्ने ५३ प्रतिशत रहेकामा सन् २०२२ को सर्वेक्षणमा ५७ प्रतिशत पुगेको देखिएको छ। यसले यस क्षेत्रमा केही सकारात्मक 'इन्डिकेटर' गरेको छ।

छैटौँ स्वास्थ्य सर्वेक्षण हिमाल, पहाड, तराईका सबै भूगोल तथा सातै प्रदेशका १३ हजार सात सय ८६ घरधुरीमा गरिएको थियो। स्वास्थ्यका नीति निर्माण तय गर्न स्वास्थ्य सर्वेक्षणको नतिजालाई गतिलो विश्वासिलो आधारका रूपमा लिइन्छ। सन् १९९६ देखि नेपालमा विभिन्न दातृ निकायको आर्थिक एवं प्राविधिक सहयोगमा प्रत्येक पाँच वर्षको अन्तरालमा स्वास्थ्य सर्वेक्षण गरिँदै आइएको छ।

सर्वेक्षणले विवाहिता महिलाका बीचमा सबैभन्दा बढी लोकप्रिय आधुनिक साधन वा विधिमध्ये बन्ध्याकरण नै देखाएको छ। सन् २०१६ मा पनि बन्ध्याकरण नै थियो। यसपछि सुई र इम्लान्ट छन्। अझै पनि १५ प्रशित महिलाले परिवार नियोजनको परम्परागत विधि अपनाइरहेका छन्। यसमध्ये १३ प्रतिशतले वीर्य बाहिर खसाल्ने विधि र दुई प्रशितले केही समय सम्भोग नगर्ने विधि अपनाइरहेका छन्। आर्थिक सर्वेक्षण २०७९/८० का अनुसार आर्थिक वर्षको फागुनसम्ममा परिवार नियोजनका अस्थायी साधनको नयाँ प्रयोगकर्ताको सङ्ख्या चार लाख सात हजार पाँच सय ६६ पुगेको थियो।

सहरीवासी हरेक किसिमले 'स्मार्ट' देखिए पनि परिवार नियोजनको आधुनिक साधन र विधि प्रयोग गर्नमा पछाडि नै छन्। स्वास्थ्य सर्वेक्षणमा भनिएको छ, "विवाहिता महिलामा परिवार नियोजनको आधुनिक साधन वा विधिको प्रयोग सहरी क्षेत्र (४१) मा भन्दा ग्रामीण क्षेत्र (४७)मा बढी देखिएको छ। प्रदेशअनुसार गण्डकी प्रदेशमा ३५ र सुदूरपश्चिम प्रदेशमा ४७ सम्म रहेको छ। बढ्दो शिक्षा र घरपरिवारको सम्पन्नतासँगै आधुनिक साधन वा विधिको प्रयोग समान्यतया घट्दै गएको देखिन्छ।"

विवाहिता महिलामध्ये ६१ प्रतिशतले अरु बच्चा जन्माउन चाहँदैनन् र १७ प्रतिशतले कम्तीमा दुई वर्षसम्म बच्चा जन्माउन ढिलाइ गर्न चाहन्छन्। बच्चा जन्माउन रोक्न अथवा ढिलो गर्न चाहने महिलामा परिवार नियोजनको माग ७८ प्रतिशत रहेको सर्वेक्षणले देखाएको छ। सन् २०१६ मा यस्तो माग ७६ प्रतिशत थियो। परिवार नियोजनको जम्मा माग भन्नाले परिपूर्त माग र अपरिपूर्त माग दुवै समावेश हुन्छ। परिपूर्त माग भन्नाले हाल परिवार नियोजनको साधन/सेवा प्रयोग गरिराखेका विवाहिता महिलाको प्रतिशत हो। सन्ताउन्न प्रतिशत विवाहिता महिलाले कुनै न कुनै साधन र विधि प्रयोग गर्दछन्, ४३ प्रतिशतले आधुनिक र १५ प्रतिशतले परम्परागत विधि प्रयोग गर्दछन्। परिवार नियोजनको अपरिपूर्त माग भन्नाले विवाहिता महिला जो बच्चा ढिलो पाउन चाहन्छन् वा थप बच्चा जन्माउन चाहँदैनन् तर परिवार नियोजनको कुनै साधन वा विधि हाल प्रयोग नगरिराखेका महिलाको अनुपात भन्ने बुझिन्छ।

नेपाल परिवार नियोजन सङ्घका व्यवस्थापक डा नरेशप्रताप केसी प्रजनन दर घट्यो, परिवार व्यवस्थापनका योजनाका कम लगानी गर्नुपर्छ भन्ने मान्यता राख्न नहुनेमा जोड दिनुहुन्छ। उहाँले भन्नुभयो, "बसाइँसराइ, प्रजनन उमेरका जनशक्तिको वैदेशिक रोजगारीमा आकर्षणले पनि परिवार नियोजनको आधुनिक साधन तथा विधिको प्रयोग प्रवृत्ति स्थिर रहेको हुनसक्छ, यसलाई वढाउन परिवार व्यवस्थापनका क्षेत्रमा थप लगानी बढाउनु पर्छ।" विगत साढे दुई दशकमा नेपालमा प्रजनन दर आधाले घटेको देखिन्छ। सन् १९९६ मा एक जना महिलाले औसत पाँच बच्चा जन्माउने गरेकोमा सन् २०२२ मा औसत दुई दशमलव एक बच्चा मात्र जन्माउने गरेको सर्वेक्षणले देखाएको छ।

**गर्भावस्था क्रमसँगै गर्भपतन गर्नेको सङ्ख्या बढे**

सर्वेक्षणले १५ देखि ४९ वर्षका महिलाको सबै गर्भ परिणाममध्ये ८० प्रतिशतमात्र जीवित जन्म रहेका तथ्याङ्क सार्वजानिक गरेको छ। खेर गएका २० प्रतिशतमध्ये नौ प्रतिशत आफैँ खेर गएको, १० प्रतिशतले गर्भपतन गराएको र एक प्रतिशतको मृत शिशु जन्मेको थियो। बढ्दो गर्भावस्था क्रमसँगै गर्भपतन गर्नेको सङ्ख्या बढेको देखिन्छ। सर्वेक्षणमा भनिएको छ, "पहिलो गर्भावस्थामा गर्भपतन गर्ने दुई प्रतिशत थिए भने पाँचौँ वा त्यो भन्दा माथिका गर्भावस्थामा २९ प्रतिशतले स्वेच्छाले गर्भपतन गराएका थिए।"

स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाका अनुसार नेपालमा गत आर्थिक वर्ष मुलुकभर ९५ हजार महिलाले गर्भपतन गरेका थिए। तीमध्ये ५७ प्रतिशत महिलाले असुरक्षित गर्भपतन गराउने गरेको तथ्याङ्क छ। सुरक्षित गर्भपतनाई कानुनी मान्यता दिएपछि असुरक्षितरूपमा गरिने गर्भपतनमा उल्लेख्य कमी आउन सकेको छैन।

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी ऐन, २०७५ को भाग ४ को दफा १५ ले गर्भवती महिलाको अवस्थाअनुसार १२ हप्तादेखि २८ हप्तासम्मको गर्भपतन गराउन सकिन्छ। गर्भवती महिलाको मन्जुरीमा १२ हप्तासम्म जस्तो प्रकारको गर्भ पनि पतन गराउन सकिन्छ। गर्भपतन नगराएमा महिलाको ज्यानमा खतरा पुग्न सक्छ वा निजको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुनसक्छ वा विकलाङ्ग बच्चा जन्मन सक्छ भनी इजाजतप्राप्त चिकित्सकको राय भई त्यस्ता महिलाको मन्जुरीमा २८ हप्तासम्मको गर्भ पनि पतन गराउन पाइने व्यवस्था उक्त ऐनले गरेको छ।

यसबाहेक जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ, रोग प्रतिरोधात्मक क्षमता उन्मुक्ति गर्ने जिवाणु वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग लागेमा पनि महिलाको मन्जुरीमा २८ हप्तासम्म सुरक्षित गर्भपतन गराउन पाइने व्यवस्था सो ऐनमा छ। आवश्यक सूचना तथा जानकारीका अभावमा सुरक्षित गर्भपतन तथा परिवार व्यवस्थापन घरदैलो सेवा प्रभावकारी हुनसकेको छैन। सरकारले विविध कारणले स्वास्थ्य संस्थामा पुग्न नसक्ने एवं पहुँच नै नपुग्ने विपन्न, अपाङ्गता र सीमान्तकृत समुदायलाई घरमै सुरक्षित गर्भपतन सेवा तथा आवश्यक परिवार व्यवस्थापन (नियोजन)का सेवा प्रदान गर्न सुरुआत गरेको थियो। विशेषगरी कोरोना महामारीमा प्रजनन, मातृ, नवजात शिशु तथा बालस्वास्थ्य सेवालाई निरन्तरता दिने विसं २०७७ वैशाखदेखि घरदैलो सेवा थालनी गरिएको थियो। यसबाट परिवार नियोजनका साधनमा पहुँच अभिवृद्धि हुने र सुरक्षित गर्भपतन सेवासमेत निरन्तर जारी रहने अपेक्षा लिइएको थियो।

यो सेवालाई सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८ मा समेत समावेश गरिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'कोभिड-१९ महामारी: प्रजनन, मातृ, नवजात शिशु तथा बालस्वास्थ्य सेवाको अन्तरिम निर्देशिका, २०७७' जारी गर्दै ती क्षेत्रमा टेलिफोन परामर्श तथा घरदैलो सेवा सञ्चालन गरेको थियो। अहिले पनि ती सेवा जारी नै रहेको स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाले जनाएको छ।

कतिले घरदैलो सेवा पाए भन्ने आधिकारिक तथ्याङ्क कुनै निकायसँग छैन। महाशाखा परिवार योजना तथा प्रजनन् स्वास्थ्य शाखा प्रमुख कविता अर्यालले भन्नुहुन्छ, "महामारीको पहिलो र दोस्रो चरणमा परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवामा केही असर पुगेको भए पनि अहिले पूर्ववत् सेवा सञ्चालन भइराखेका छन्। उपलब्ध सेवाका बारेमा आवश्यक सेवाग्राहीलाई जानकारी नहुँदा कार्यक्रम कार्यान्वयनमा चुनौती छ।" उहाँका अनुसार महामारीमा परिवार नियोजनको सेवाको प्रयोगदर ३९ बाट ३७ प्रतिशतमा झरेको थियो।

# बजेट संशोधन नहुने हो भने संसद्मा छलफल चलाउनुको औचित्य छैन

काठमाडौँ, १० असार (रासस)।

आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमा संशोधन नहुने हो भने त्यसबारे संसद्मा छलफल चलाउनुको औचित्य नरहने धारणा सांसदहरुले राख्नुभएको छ।

सदनमा उठेका विषयलाई सरकारले स्वामित्वकरण गर्न नसकेको र औपचारिकताका लागि मात्रै छलफल चलाइएको धारणा सांसदबाट आएको हो।

प्रतिनिधिसभाको आइतबारको बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत उपराष्ट्रपतिको कार्यालयको विभिन्न शीर्षकमाथिको छलफलमा भाग लिनुहुँदै सांसद रमेश लेखकले बजेटमा संशोधन हुँदैन भन्नेकुरा विगतदेखिकै कार्यशैलीबाट स्थापित हुँदै गएको र प्रतिनिधिसभा नियमावलीले पनि त्यसलाई अनुमोदन गरेको बताउनुभयो।

"विनियोजन विधेयकका सन्दर्भमा हामीले यो संशोधन हुँदैन भन्ने धारणा बनाएका छौँ। बजेटमा संशोधन हुँदैन भन्ने कुरा हामीले प्रतिनिधिसभा नियमावलीमा पनि राख्यौँ", उहाँले भन्नुभयो, "अरु विधेयकहरु सदनमा प्रवेश हुने, छलफल हुने, संशोधन हुने र ऐन बन्ने भनेर छुट्टै व्यवस्था गरिएको छ। त्यस्ता विधेयकमा संशोधन नै भन्ने शब्दावली राखिएको छ। तर विनियोजन विधेयकको हकमा हामीले संशोधन भनेर कतै भनेका छैनौँ। त्यसमा खर्च कटौतीको प्रस्ताव भनिएको छ। यसकारण संशोधन भएर पनि जानसक्छ भन्ने धारणा नै फरक रह्यो।"

विनियोजन विधेयकमा संशोधन नगर्ने हो भने यसरी मन्त्रालय छलफल गर्नुको औचित्य के हो भन्ने प्रश्न सदनभित्र र सदन बाहिर दुवैतिर उठिरहेको पनि उहाँको भनाइ छ। बजेटका सन्दर्भमा पनि सदनको भूमिका निर्धारण गरिनुपर्ने सांसद लेखकले बताउनुभयो। बजेटमा पनि संसद्ले भूमिका खोज्ने गरी आधार तयार पार्न सकिने उहाँको भनाइ छ।

सांसद देवेन्द्र पौडेलले पनि संसद्मा उठाइएका विषयको औचित्यमाथि प्रश्न उठाउनुभयो। सदनमा उठेका विषयलाई विषयगत मन्त्रालयले हेरेर सोहीअनुसार वार्षिक नीति तथा कार्यक्रम र बजेट तयार पार्नुपर्नेमा जोड दिनुभयो।

"हामीले यहाँ छलफल गरेर त्यस्तो छलफलका स्वामित्वकरण भएन भने त्यो केवल सुनाउनका लागि मात्रै हुन्छ। यही कारण संसद्मा बोल्ने भनेको सुनाउने मात्रै हो भन्ने नकारात्मक अर्थमा टिप्पणी हुने गरेको छ। यो शैली सुधारका लागि हामी सबैले पहल गरौँ", उहाँले भन्नुभयो, "सदनमा उठेका विषयलाई सम्बन्धित मन्त्रालयले सुनेर सोहीअनुसार बजेट निर्माण गर्न सकेमा मात्रै त्यसको सार्थकता हुन्छ। त्यसका लागि कानुनी हिसाबले पनि सुधार गर्न जरुरी छ।"

मुलुकको अर्थतन्त्रको अवस्था सुधारका लागि सत्तापक्ष र प्रतिपक्षका रुपमा

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# अनि जन्मियो जनकपुरमा साहको 'मिथिला थाली'

जनकपुरधाम, १० असार (रासस)।

करिब पाँच महिनाअघि 'मास्टर सेफ' उपमाले परिचित सन्तोष साह बेलायती साथीलाई लिएर जनकपुरधाम आउनुभएको थियो। आफ्नो जन्मथलो जनकपुरधामको परिवेशबारे बेलायती साथीलाई साक्षात्कार गराउनु साहको उद्देश्य थियो।

'मिथिला थाली'बाटै बिबिसीको 'मास्टर सेफ' उपविजेता बन्नुभएका साहको उद्देश्य मिथिलाञ्चलको ऐतिहासिक राजधानीको सांस्कृतिक एवं ऐतिहासिक गौरवसँग जोडिएका विविध पक्षबारे साथीहरूलाई दिनुका साथै स्थानीय परिकारको स्वाद चखाउनु पनि थियो। तर त्यति धेरै प्रयास गर्दा पनि खोजे र रोजेजस्तो परिकार खुवाउन नपाएकोमा साहलाई अझै पनि पछुतो छ।

त्यसको केही समयपछि जनकपुरका स्थानीय परिकारको प्रचार गर्ने उद्देश्यसहित अर्कोपटक जनकपुर आउने कार्यक्रम त बन्यो तर खोजे र रोजेजस्तो खाना खान नपाउने समस्या फेरि दोहोरिने भयो। त्यसैले उहाँले साथीकै रेस्टुराँमा खाना खाने निधो त गर्नुभयो। तर दुई घण्टा कुर्दा पनि ताजा खाना खान पाउनुभएन।

त्यसपछि मात्रै जनकपुरधाममा 'मिथिला थाली' रेष्टुराँ सञ्चालन गर्ने योजना जन्मिएको साहको भनाइ छ। "म यही माटोमा जन्मिएँ, हुर्किएँ र यहीँको परिवारले ख्याति पनि कमाएँ", उहाँले भन्नुभयो, "यसै क्षेत्रमा केही गर्नुपर्छ भन्ने सोच त थियो तर यति चाँडै गरौँला भन्ने तयारी थिएन।" ती दुई अनुभवबाट प्राप्त सिकाइले जनकपुरमा मिथिला थाली जन्मिएको उहाँको भनाइ छ।

**'मिथिला थाली व्यापारमात्रै होइन'**

मिथिला थाली सञ्चालन गर्ने भएपछि त्यसको सम्भावना, मौलिक परिकारका लागि आवश्यक कच्चा पदार्थको उपलब्धता बुझ्न साहलाई गाउँ पस्नुपर्‍यो। जसमा साहलाई दाई दिलीपकुमारले सहयोग गर्नुभयो। तर गाउँमा भने जस्तो सामान पाउन भने गाह्रो भयो।

"युवाहरू वैदेशिक रोजगारीमा गएपछि पहिले जस्तो खेती नहुने रहेछ। उत्पादन कम हुन थालेपछि खोजेको जस्तो सामान भेट्न गाह्रो भयो", उहाँले भन्नुभयो। साहले चार महिनामा गाउँबाट करिब चार सय केजी 'बिर्या' जम्मा गर्नुभयो। बेथेको सागबाट बन्ने एक केजी बिर्याका लागि करिब १० केजी साग आवश्यक पर्छ। अग्रिम भुक्तानी गरेर सङ्कलन गरेको चार सय केजी बिर्याले मुस्किलले एक महिनामात्रै पुग्ने साहले बताउनुभयो।

त्यसैगरी पाँच सय केजी आँपको अचार, तिलौरी ( चामलको कनिकाबाट बन्ने) र एउटा मिथिला थालीमा राखिने १५ देखि १७ प्रकारका परिकारका लागि आवश्यक सामग्री स्थानीय बजार र गाउँघरबाट ल्याइएको उहाँको भनाइ छ। साहले नेपाली खानाको मौलिकता र विविधतालाई संरक्षण गर्ने, गृहिणीलाई उत्पादनसँग जोडेर एक रुपैयाँमात्रै भए पनि घर-घरसम्म पुर्‍याउने सपनासहित मिथिला थालीमार्फत परिकारको प्रवर्द्धनमा जुटेको बताउनुभयो।

सन् १९९९ मा भारत प्रवेश गरेदेखि बेलायतमा रहँदासम्म विभिन्न जातजातिका मौलिक नेपाली परिकार बनाउन सिक्नुभएका साहले मिथिला परिकार सिक्न थालेको भने पाँच वर्षमात्रै भएको राससलाई सुनाउनुभयो। "चौध वर्ष इन्डियामा काम गरेँ। त्यसपछिका १३ वर्ष लन्डनमा बिताए। म भारतीय खानको सेफ भए पनि यसबीच थकाली, नेवारी, थारूदेखि धेरै नेपाली खानाका परिकारबारे पढेँ र जान्ने मौका पाएँ", उहाँले भन्नुभयो।

जीविका चलाउनका लागि अनेकन परिवार बनाए पनि बिबिसीबाट प्रसारित 'मास्टर सेफ प्रोफेसनल्स् २०२०' मा उपविजेता भने 'मिथिला थाली'ले नै बनाएको उहाँको भनाइ छ। "त्यसैले यो संस्कृति जोगाउने दायित्व मेरो पनि हो भन्ने म ठान्छु, सोही आधारमा म अगाडि बढेको हुँ।"

उहाँ उपविजेता बनेपछि विश्वमा मैथिली परिकारबारे चर्चा भए पनि नेपालमा भने मिथिला क्षेत्रका मौलिक परिकार लोपोन्मुख अवस्थामा भएको उहाँको अनुभव छ। नयाँ पुस्ताले मिथिलाका परिकारको स्वाद लिन नपाउनेमात्रै होइन, तिनको अस्तित्व नै हराउने डरले पनि मिथिला थाली खोल्न उद्वेलित गरेको साहको भनाइ छ।

**लक्ष्य: पाँच वर्षमा एक सय 'मिथिला थाली'**

भारतमा नौ सय भारु तलबबाट जागिरे जीवन सुरु गर्नुभएका साहसँग यतिबेला नाम र दाम दुवै छ। उहाँलाई नामले मात्रै लाखौँ कमाउने अवसर छ। तर उहाँ त्यतिमै मात्र सीमित हुन चाहनुहुन्न।

"जागिरबाट कर्जन्हाबाट वैदेशिक रोजगारीमा जाने युवाले के पाउँछन् ?, पाँच वर्षको उमेरमा बुवा गुमाएर सात सन्तान हुर्काउन एकल आमाले के पाउँछन् ?", उहाँले भन्नुभयो, "मलाई यी प्रश्नले घोच्यो र उत्तरका रूपमा मिथिला थाली जन्मियो।"

साहसँग पाँच वर्षभित्र नेपाल र विश्वका विभिन्न एक सय स्थानमा मिथिला थाली पुर्‍याउने लक्ष्य छ। उहाँको यो लक्ष्यमा हिमालयन ग्लोबल इन्भेस्टमेन्ट कम्पनी जोडिएको छ।

"यो व्यापारमात्रै होइन, अभियान पनि हो। यसको सफलतासँगै प्रत्यक्षरूपमा तीनदेखि चार सयले रोजगारी पाउँछन्", उहाँले भन्नुभयो, "ती रेस्टुराँमा एकल महिलाले काम गर्नेछन्। उत्पादनसँग जोडिने भएपछि सयौँ गृहिणी तथा किसान पनि लाभान्वित हुनेछन्।" प्रत्येक मिथिला थालीमा रु एकदेखि तीनसम्म गरिब, अनाथ, असहाय, एकल महिला र छोरीहरूमा खर्च गरिने उहाँको भनाइ छ।

गत असार ६ गते आमाको हातबाट उद्घाटन गरिएको मिथिला थालीमा करिब रु दुई करोड लगानी भएको छ। त्यसयता थालीप्रतिको मानिसहरूको आकर्षणले साहलाई थप हौसला मिलेको छ। साथै उहाँको पञ्चवर्षीय योजना सफल हुनेमा विश्वास बढेको छ।

**'कोसिस गर्नेहरूको हार हुँदैन'**

सिरहाको कर्जन्हा नगरपालिका-९ सूर्यानी टोलमा जन्मनुभएका साहले पाँच वर्षको उमेरमा बुवा गुमाउनुभयो। त्यसपछि आमा एक्लैले आफूसहित सात सन्तान हुर्काउँदाको सङ्घर्ष साहले नजिकबाट बुझ्नुभएको छ। एकल महिलाका रूपमा आमाले खानेकुराको जोहो र चुल्होमा खाना पकाउन गरेको मेहनत साहले अनुभव गर्नुभएको छ। त्यही सङ्घर्षले खारिएकै कारणले आफू यहाँसम्म आइपुगेको उहाँको भनाइ छ।

"सानैदेखि स्थानीय अन्नका परिकारसँग निकट हुन पुगेँ। जीविका चलाउन आमासँगै हटियामा पाउरोटी बेच्ने सङ्घर्षसँगै आज खाए भोलि पुग्ला कि नपुग्ला भन्ने अवस्थाले नि धेरै कुरा सिकायो", उहाँले भन्नुभयो, "पारिवारिक अवस्था, स्थानीय परिवेश, कला, संस्कृतिको प्रभाव ममाथि पर्‍यो।"

अभावै अभावका बीच कक्षा १० सम्म पुगेपनि साहले फलामे ढोका एसएलसी भनेपास गर्न सक्नुभएन। त्यसपछि अध्ययन छाडी १५ वर्षको उमेरै उहाँ कर्जन्हाबाट भारत जानुभएको थियो।

"एसएलसीमा अनुत्तीर्ण भएँ। अर्को परीक्षा कुर्नुभन्दा पैसा कमाउनुपर्छ भन्ने लागेपछि गाउँकै केही साथीहरूसँग भारत गएँ", उहाँले भन्नुभयो, "अरु सीप नभएपछि रेष्टुराँमा भाँडा माझ्न सुरु गरेँ।"

एसएलसी पास गर्न नसके पनि कामबाटै धेरै कुरा सिक्ने मौका पाएँ। होटलमा काम गर्दै गर्दा होटल म्यानेजमेन्ट कोर्ष पनि पढेँ। त्यही कोर्षले जागिरे जीवनको कोर्ष नै बदल्न सहयोग गर्‍यो। पछि कुक हुँदै सात वर्षमा पाचँतारे होटलको 'एक्ज्युकेटिभ सेफ' पनि भएँ।"

साह एसएलसीमा अङ्ग्रेजी विषयमा फेल हुनुभएको थियो। त्यतिबेला त्यसो नभएको भए सायद साहको जीवनको बाटो नै अर्को हुन्थ्यो होला। भनिन्छ, कोसिस गर्नेहरूको हार कहिल्यै हुँदैन। साहले पनि त्यही गर्नुभयो जसले आजको ठाउँमा पुर्‍यायो।

"सङ्घर्ष नै सफलताको आधार हो। मेरो सङ्घर्षले आज सफलताको नजिक पुर्‍याएको छ। अब मबाट अरु कति खुसी हुन्छन् भन्ने कुराले सफलताको मापन हुनेछ। म जुन विषयमा अनुत्तीर्ण भएर गाउँ छाड्न बाध्य भएको थिएँ, संयोग नै मान्नुपर्छ आज त्यही कक्षा, त्यही विषयको पाठ्यक्रममा मेरो बारेमा पढाइ हुन थालेको छ", उहाँले भन्नुभयो।

आम युवालाई उहाँको सुझाव छ- एउटा बाटो छेकिँदैमा जीवनको गति रोक्नु हुँदैन। अर्को बाटो निर्माण गर्न लाग्नुपर्छ, एक दिन अवश्य सफल भइन्छ।

## बजेट संशोधन...

नभइ राष्ट्रिय सहमतिका आधारमा अघि बढ्नुपर्ने उहाँले बताउनुभयो।

सांसद मनिष झाले बजेटको अनुमोदन प्रक्रिया नै पुनःसंरचना गर्न आवश्यक रहेको बनाउनुभयो। "बजेट अनुमोदन गर्दैगर्दा हाम्रा तर्क र तथ्यको औचित्य के छ भन्ने कुरा पनि प्रमुख हो। यो एउटा प्रक्रिया मात्र हो र यो प्रक्रिया गर्नैपर्छ भनेर गरेका हौँ वा यो छलफल र मन्थनको केही अर्थ पनि हुन्छ ?", संसद्मा प्रश्न गर्दै उहाँले भन्नुभयो, "संवैधानिक अर्थमा कमजोर देखिएकाले पनि होला सहभागिता पनि कमजोर हुँदै गएको छ। यसकारण यो प्रणालीको पुनःसंरचना गर्न आवश्यक छ।"

सांसद रघुजी पन्तले आगामी आर्थिक वर्षको बजेटमा देखाइएको स्रोत व्यवस्थापन विश्वसनीय नदेखिएको बताउनुभयो। त्यस्तै, राष्ट्रपतिले सल्लाहकार राख्न नपाउने र उपराष्ट्रपतिलाई राष्ट्रियसभाको पदेन अध्यक्ष बनाउनुपर्ने धारणा राख्नुभयो। "भारतमा राष्ट्रपतिले सल्लाहकार राख्ने चलन छैन। हामीले सल्लाहकार राख्नसक्ने कानुन बनाएर सुरुदेखि नै गल्ती गर्‍यौं। राष्ट्रपति चल्ने भनेको मन्त्रिपरिषद्को निर्णयबाट हो र राष्ट्रपतिको सल्लाहकार प्रधानमन्त्री हो", उहाँले भन्नुभयो, "त्यस्तै, उपराष्ट्रपतिले राष्ट्रियसभाको अध्यक्षता गर्ने हो भने यसबाट खर्च कम गर्न सकिन्छ।"

## विश्व समाचार

### रुस संटकाबीच अमेरिकी सहयोगीसँग 'निकट समन्वयमा' रहने

वाशिङ्टन डिसी, १० असार (रासस/एएनआई)।

रुसमा देखिएको आकस्मिक सङ्कटकाबीच संयुक्त राज्य अमेरिका आफ्ना सहयोगीको निकट समन्वयमा रहने विदेशमन्त्री एन्टोनी ब्लिन्केनले बताउनु भएको छ।

क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, बेलाइत र युरोपेली सङ्घका विदेशमन्त्रीसँग कुराकानी गर्दै उहाँले अमेरिका निकटको समन्वयमा रहने बताउनु भएको हो।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले शनिबार विज्ञप्ति जारी गर्दै मन्त्री ब्लिन्केनले क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान र युनाइटेडका विदेशमन्त्रीसँग यस विषयमा कुरा गरी पुष्टि गर्नुभएको छ।

"मन्त्री ब्लिन्केनले युक्रेनका लागि संयुक्त राज्य अमेरिकाले गर्दै आएको समर्थन परिवर्तन नहुने कुरासमेत दोहोर्‍याउनुभएको छ। नयाँ घटनाक्रम विकसित हुँदै जाँदा संयुक्त राज्य अमेरिका आफ्ना सहयोगी र साझेदारसँग नजिकको समन्वयमा रहनेछ," विज्ञप्तिमा भनिएको छ।

वाग्नर लडाकु प्रमुख येभगेनी प्रिगोजिनले टेलिग्राम पोस्टमा विद्रोहको घोषणा गरेपछि अमेरिकाको यो टिप्पणी सार्वजनिक भएको हो। लडाकु प्रमुखले लडाकु युक्रेनबाट रूसी सेनाको विरूद्ध दक्षिणी रूसतर्फ सीमा पार गर्दै अगाडि बढेको बताएका थिए।

यसैबीच उनले आफ्ना लडाकुले आफ्नो बाटोमा अवरोध गर्ने जो कोहीलाई नष्ट गर्ने घोषणा पनि गरेका थिए। उनले भनेका छन्, "हामी अगाडि बढिरहेका छौँ र अन्त्यसम्म बढ्नेछौँ।" वाग्नर लडाकु रुसको रोस्तोभ शहर प्रवेश गरिरहेको बताइएको छ।

उनले चेकपोइन्टमा कुनै प्रतिरोध नभएको र आफ्ना लडाकु "बालबालिका विरुद्ध" भने नलडेको पनि दाबी गरेका छन्।

प्रिगोजिनको सो अभिव्यक्ति पछि रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले टेलिभिजनमार्फत राष्ट्रका नाममा सम्बोधन गर्दै वाग्नर समूहको "सशस्त्र विद्रोह", "पिठमा छुरा धस्ने देशद्रोहको बाटो", भएको टिप्पणी गर्नु भएको छ। उहाँले रुसी सेनाका विरुद्ध सशस्त्र विद्रोह गर्ने देशद्रोहीलाई कडा कारबाही गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नु भएको छ।

यता प्रिगोजिनले भने रुसी राष्ट्रपतिले "गम्भीर गल्ती" गरेको भन्दै विद्रोही समूह देशभक्त रहेको दाबी गरेको वाशिङ्गटन पोस्टले उल्लेख गरेको छ।

आफ्नो प्रेस सेवाद्वारा शनिबार पोस्ट गरिएको अडियो सन्देशमा प्रिगोजिनले भनेका छन्, "मातृभूमिप्रति विश्वासघात गर्दै राष्ट्रपतिले गम्भीर गल्ती गर्नु भएको छ।"

देशसलाई "भ्रष्टाचार, छलछाम र नोकरशाही"को देश भनेर सम्बोधन गर्दै उनले विद्रोही समूहले लडाइँ जारी राख्ने बताएका छन्।

विद्रोही कमाण्डरले भनेका छन्, हामी हाम्रो मातृभूमिका देशभक्त हौँ, हामी लड्दै आएका छौँ र लडिरहने छौँ। हामी राष्ट्रपति, सेना वा अरू कसैको अनुरोध स्वीकार गर्दैनौँ किनभने देश भ्रष्टाचार, छलछाम र कसैको तजबिजको दलदलमा फसिरहन दिदैनौँ।

### सन् २०२२ मा जापानमा ८४ हजार ९१० जना बेपत्ता

टोकियो, १० असार (रासस/सिन्ह्वा)।

जापानमा हराउनु व्यक्तिको सङ्ख्या क्रमशः बढ्दै गएको पाइएको छ। यस्ता व्यक्तिको सङ्ख्या सन् २०२२ मा लगातार दोस्रो वर्ष ८४ हजार ९१० पुगेको छ। जापानको राष्ट्रिय प्रहरी एजेन्सीले जनाएअनुसार यो सङ्ख्या अघिल्लो वर्षको तुलनामा पाँच हजार ६९२ ले वृद्धि भएको देखिन्छ।

बेपत्ता हुनेको उमेर समूहमा २० वर्ष आसपासका सबैभन्दा बढी छन्। यो समूह कुल बेपत्ताको लगभग ४० प्रतिशत छ।

यस अवधिमा देशमा डिमेन्सिया (विस्मृतिग्रस्त) भएका वा यस्तै किसिमका विकार भएको आशङ्कामा १८ हजार ७०९ जना बेपत्ता भएको प्रतिवेदनमा उल्लेख छ।

सन् २०१२ मा तुलनात्मक तथ्याङ्क सार्वजनिक गर्न थालिएदेखि बेपत्ता हुनेको सङ्ख्या क्रमशःबढ्दोक्रममा छ। यो सङ्ख्या एक दशकमा झण्डै दोब्बर भएको छ।

तीमध्ये धेरै व्यक्ति डिमेन्सियाका कारण उद्देश्यविहीन भौँतारिएपछि हराएको उल्लेख गरिएको थियो।

स्थानीय सरकारले डिमेन्सिया भएका वा डिमेन्सिया भएको शङ्का लागेका मानिसका परिवारका सदस्यलाई जिपिएस यन्त्रहरू बोक्न वा तिनीहरूको कपडामा सम्पर्क जानकारीसहित (क्युआर कोड) राख्न आग्रह गरिरहेका छन्।

### अफगानिस्तानमा २१ अपराधी पक्राउ

काबुल, १० असार (रासस/सिन्ह्वा)।

अफगानिस्तानको प्रहरीले शनिबार अफगानिस्तानका ३४ प्रान्तमध्ये छ वटा प्रान्तबाट आपराधिक गतिविधिमा संलग्न भएको आरोपमा २१ जनालाई पक्राउ गरेको छ।

आन्तरिक मामिला मन्त्रालयले आइतबार विज्ञप्ति जारी गर्दै पक्राउ परेका हत्या, डकैती, किर्ते, चोरी, लागुऔषध ओसारपसार र देशमा शान्ति सुरक्षा खलबल पार्नेजस्ता गैरकानुनी गतिविधिमा संलग्न रहेको जनाएको छ।

यस्तै कारबाहीमा प्रहरीले गत हप्ता कुन्दुज, बल्ख, तखार, हेरात, समङ्गन, काबुल र कान्दाहार प्रान्तमा ८० जना अपराधीलाई पक्राउ गरेको थियो।

अफगानिस्तानको सरकारले देशमा शान्ति र सुव्यवस्था सुनिश्चित गर्नका लागि आपराधिक तत्वमाथि कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

# सप्तरी प्रिमियर लिगको फाइनलमा कन्चनरुप र खडक भिड्ने



**दैनिक समाचारदाता राजविराज, १० असार ।**

राजविराजमा जारि सप्तरी प्रिमियर लिगको फाइनल खेलमा कन्चनरुप राइनोज र बजाज खडक वारियर्स भिड्ने भएको छ ।

लिग चरणको सम्पूर्ण खेलहरु आइतबार सम्पन्न भएपछि बजाज खडक वारियर्स ५ खेलमा ४ जित पछि ८ अंकसहित शिर्ष स्थानमा रह्यो । कन्चनरुप राइनोज, छिन्नमस्ता लायन्स र रुपनी राइडर्सको समान ६ अंक रहे पनि नेट रन रेटमा अघि रहँदै कन्चनरुप फाइनल प्रवेश गरेको हो ।

यस्तै छिन्नमस्ता तेश्रो, रुपनी राइडर्स चौथो, बलान विहुल ४ अंकसहित पाँचौ तथा डिफेन्डिङ च्याम्पियन राजविराज द किंग जितविहिन रहयो ।

पब्लिक विन्देश्वरी क्रिकेट मैदानमा आइतबार सम्पन्न जित्नै पर्ने खेलमा कन्चनरुप राइनोजले बजाज खडक वारियर्सलाई ३ विकेटले पराजित गर्यो । लिगको अन्तिम खेलमा वारियर्सले दिएको ६३ रनको लक्ष्य राइनोजले ७ विकेट गुमाउदै १२.१ ओभरमा पुरा गर्यो ।

कन्चनरुपको ब्याटिंगमा राशिद खानले सर्वाधिक ३२ रन योगदान दिए जुन क्रममा उनले २५ बलमा १ चौका र ३ छक्का प्रहार गरे । खराब सुरुवात गरेको राइनोजले २१ रन बनाउदा ६ विकेट गुमाएको थियो । वारियर्सका बलर दिनेश अधिकारीले ४ विकेट लिएता पनि जित्न पर्याप्त रहेन ।

यस अघि टस हारेर ब्याटिंग गरेको बजाज खडक वारियर्सले १४.३ ओभरमा ६२ रनमा सबै विकेट गुमायो । वारियर्सको लागि विशाल सुश्लिंगले सर्वाधिक २४ रन बनाए । कन्चनरुपको बलिंगमा प्लेयर अफ द म्याच घोषित राशिद खानले ४ विकेट लिए जुन क्रममा ४ ओभरमा मात्र १२ रन खर्चिए । पप्पु यादवले २ तथा चित्र बिस्ट, नारायण जोशी र सुमित श्रेष्ठले १/१ विकेट लिए ।

आइतबारै सम्पन्न पहिलो खेलमा छिन्नमस्ता लायन्सले बलान बिहुल सुपर किंग्सलाई २६ रनले पराजित गर्यो । १ सय २५ रनको लक्ष्य पछ्याउने क्रममा बलान बिहुलले १६.४ ओभरमा ९८ रनमा सबै विकेट गुमायो । बलान बिहुलको लागि कप्तान पवन सर्राफले सर्वाधिक २५ रन योगदान दिए । छिन्नमस्ताका बलर नितेश यादवले सर्वाधिक ३ विकेट लिए जुन क्रममा ४ ओभरमा १९ रन खर्चिए । यादव प्लेयर अफ द म्याच समेत घोषित भए । यस्तै रेवती रे र पप्पु यादवले २/२ तथा कमल खत्री र शरद भेसावकरले १/१ विकेट लिए ।

यस अघि टस हारेर ब्याटिंग गरेको छिन्नमस्ता लायन्सले निर्धारित २० ओभरमा ८ विकेट क्षेतीमा १ सय २४ रन बनायो । उसको लागि कप्तान शरद भेसावकरले सर्वाधिक ४७ रन बनाए जुन क्रममा उनले अविजित रहँदै ४३ बलमा ५ चौका र १ छक्का प्रहार गरे । शुभ कंसाकारले २० तथा राहुल मण्डलले १४ रन बनाए । बलान विहुलका बलर रुपेश सिंह र रोबिन सिंहले २/२ तथा बसिर अहमद, पवन सर्राफ र विकास दासले १/१ विकेट लिए ।

सप्तरी क्रिकेट संघद्वारा आयोजित प्रतियोगिताको विजेताले तिन लाख रुपैयाँ, उपविजेताले एक लाख पचास हजार रुपैयाँ प्राप्त गर्नेछ । यस्तै प्लेयर अफ द सिरिजले २५ हजार रुपैयाँ, उत्कृष्ट ब्याटर र बलरले १५ हजार रुपैयाँ तथा उदयमान खेलाडीले क्रिकेट किट प्राप्त गर्ने संघका अध्यक्ष आयुष श्रेष्ठले जानकारी गराए ।


**डा. कालीप्रसाद यादव**

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



**मेनरोडमा कोठा भाडामा चाहिए सम्पर्क गरौं**

राजविराजको मुख्य बजार क्षेत्र मेनरोड राजविराज-४ स्थित कामना सेवा विकास बैंकको माथिल्लो तल्लामा कोठाहरु खाली रहेकाले बैंक, वित्तिय संस्था, सहकारी संस्था, विमा कम्पनी तथा व्यवसायीक प्रयोजनका लागी आवश्यक परे सम्पर्क गर्नु होला ।

**सम्पर्क नम्बर :**
९८४२८२१०८२
९८१९७२५०८२


# नागरिकता प्राप्तिमा असहयोग गर्नेलाई तीन महिना कैद हुने

काठमाडौँ, १० असार (रासस) ।

नागरिकता प्राप्तिका लागि परिवारका सदस्यले पनि पहिचानका लागि सहयोग गर्नुपर्ने व्यवस्था नेपाल नागरिकता पहिलो संशोधन ऐन, २०७९ मा गरिएको छ ।

सहयोग नगर्ने परिवारका सदस्यलाई जिल्ला प्रशासन कार्यालयले पत्राचार गरेर सहयोग गर्न आदेश दिन सक्नेछ । यस्तो आदेशका अवज्ञा गर्नेलाई तीन महिनासम्म कैद र रु १० हजार जरिवानाको व्यवस्था ऐनमा गरिएको छ । यो व्यवस्थापछि परिवारका सदस्यको असहयोगका कारण नागरिकता नपाउने अवस्थाको अन्त्य हुने विश्वास लिइएको छ ।

सर्वोच्च अदालतको आदेशपछि कार्यान्वयनमा आएको ऐनमा गैर आवासीय नेपालीलाई नागरिकता दिने व्यवस्थासमेत छ । गैर आवासीय नेपालीलाई सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारसहितको नागरिकता प्रदान गरिने छ ।

नेपाल नागरिकता पहिलो संशोधन ऐन, २०७९ कार्यान्वयनसम्बन्धी सञ्चार क्षेत्रको भूमिका विषयमा आइतबार महिला, कानुन र विकास मञ्चले आयोजना गरेको छलफलमा संविधानसभा सदस्य रामकुमार शर्माले नेपालको संविधान २०७२ अनुसार संविधान जारी भएको तीन वर्षभित्रमा बनिसक्नुपर्ने कानुन आठ वर्षपछि बल्ल बने पनि खुसी हुनुपर्ने अवस्था रहेको बताउनुभयो ।

"नागरिकता ऐन कार्यान्वयनमा आएसँगै ३० देखि ३५ लाख नेपालीलाई नागरिकता पाउने भएका छन्, लामो समयदेखिको समस्या अब भने अन्त्य भएको छ", उहाँले भन्नुभयो ।

मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले जन्मका आधारमा नेपाली नागरिकता पाएका आमाबाबुका छोराछोरीलाई नागरिकता दिने, हजुरबा हजुरआमाले वंशजको नागरिकता पाएका नाति नातिना गैरआवासीय नेपाली भए गैरआवासीय नेपालीको नागरिकता पाउने तर मतदानलगायत राजनीतिक अधिकार नपाउने व्यवस्था संशोधित ऐनमा रहेको बताउनुभयो ।

विदेशीसँग विवाह गर्ने महिलालाई भने ऐनले अझै विभेद् गरेको भनाइ उहाँको थियो । विदेशी नागरिकसँग विवाह गरेका महिलाले आफ्ना पतिलाई नागरिकता दिन नसक्ने व्यवस्था विभेदकारी भएको उहाँको भनाइ छ । संविधानको धारा ३८ (१) ले समान वंशीय हक सुनिश्चित गरेपनि कानुन त्यसअनुरुप बन्न नसकेको श्रेष्ठको भनाइ थियो ।

थर र ठेगाना भने नागरिकता लिनेको इच्छाका आधारमा राखिने व्यवस्था पनि संशोधित ऐनमा गरिएको छ । लैङ्गिक पहिचानसहितको नागरिकता पाउनसक्ने व्यवस्था पनि ऐनमा गरिएको छ । कार्यक्रममा अधिवक्ता सुषमा गौतम, विनोद देवकोटा र बिनु लामाले पुरुष, महिलाबाहेक अन्यका नाममा नागरिकता लिन मेडिकल समितिबाट प्रमाणित गर्नुपर्ने व्यवस्थाप्रति भने विचार गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

यस्तो नागरिकता लिन चाहनेलाई सर्वाङ्ग नाङ्गो बनाएर गरिने परीक्षण उपयक्त नभएकामा कार्यक्रमका सहभागीले जोड दिएका थिए ।

# आर्थिक विकासमा सहयोग पुग्ने बजेट ल्याउन स्थानीय तहलाई सुझाव

काठमाडौँ, १० असार (रासस) ।

राष्ट्रियसभाको आइतबारको बैठकमा विशेष समयमा बोल्नुहुँदै सांसदहरुले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन, पूर्वाधार निर्माणमा शीघ्रता, विपद् व्यवस्थापन तथा दैवी प्रकोप उद्धारमा तदारुकता, प्रधानमन्त्रीको भारत भ्रमणको औचित्यता, स्थानीय तहको बजेट लगायतका विषय उठान गर्नुभएको छ ।

सांसद खिमलाल देवकोटाले स्थानीय तहले सामाजिक, सांस्कृतिक, आर्थिक विकासमा योगदान पुग्ने तथा जनताको जीवनस्तर उकास्ने खालको बजेट ल्याउनुपर्ने बताउनुभयो ।

त्यस्तै, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, पिछडिएको वर्ग/क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशिकरणमा अभिवृद्धि हुने, दिगो विकास, जलवायु परिवर्तनका मुद्दा सम्बोधन गर्न सघाउ पुग्ने, भाषिक सांस्कृतिक पक्षको जगेर्ना गर्ने, सामाजिक सद्भाव र एकता अभिवृद्धि गर्नेगरी बजेट ल्याउनुपर्ने उहाँको भनाइ छ ।

सांसद भैरवसुन्दर श्रेष्ठले मनसुन सुरु भएसँगै विभिन्न ठाउँमा बाढीपहिरोका घटना बढेको विषय उठाउनुहुँदै विपद् व्यवस्थापनका काममा सरकार गम्भीर हुनुपर्ने बताउनुभयो । त्यस्तै, प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणका विषयमा दुई देशको सीमा विवाद, इपिजी प्रतिवेदनलगायतका महत्वपूर्ण विषय नउठाइएको बताउनुभयो ।

सांसद राधेश्याम पासवानले भारत भ्रमणबारे सङ्घीय संसद्का दुवै सदनलाई प्रधानमन्त्रीले जानकारी गराइसकेको भए पनि त्यसबारे अझै विरोध भइरहनु खराब संसदीय अभ्यासको नतिजा रहेको बताउनुभयो । त्यस्तै, नागरिकता विधेयक पारित भएर आए पनि त्यसको कार्यान्वयनमा जोड दिइनुपर्ने उहाँको भनाइ छ ।

सांसद दिलकुमारी रावल थापा पार्वतीले प्राकृतिक प्रकोपको पूर्वतयारी तथा विपद् व्यवस्थापनका काममा तदारुकता देखाउन सरकारसँग माग राख्नुभयो । त्यस्तै, सबै प्रकारका विभेदमुक्त समाज निर्माणको मर्म र भावना संविधानले बोकेको भए पनि त्यसको व्यवहारमा कार्यान्वयन हुन नसक्दा अहिलेको व्यवस्थाप्रति नै नागरिकको वितृष्णा बढ्दै गएको उहाँले बताउनुभयो । त्यस्तै, विधिको शासनको प्रत्याभूति नागरिकले गर्न नसकेको, सेवा प्रवाहमा नागरिकले दुःख पाइरहेकोलगायतका विषय उहाँले संसद्मा उठाउनुभयो ।

अहिले धान रोपाइँ शुरु भइसक्दा पनि किसानले पर्याप्त मल नपाएको र भारतबाट अवैध रुपमा मल भित्रिरहेको विषय सांसद नारायणदत्त मिश्रले उठाउनुभएको छ । हिमाली र पहाडी क्षेत्रमा सडक बनाउने नामका जथाभावी डोजर चलाउँदा त्यहाँ बाढीपहिरो र वन विनाश उच्चरुपमा देखिएकाले यो समस्या समाधानका लागि सरकार गम्भीर हुन नसकेको उहाँको भनाइ छ ।

धरहरा उद्घाटन भएको दुई वर्षभन्दा बढी समय वितिसक्दा पनि निर्माण सम्पन्न हुन नसकेको, सबै पालिकामा स्वास्थ्यचौकी शिलान्यास भए पनि निर्माण हुन नसकेको र राष्ट्रिय गौरवका आयोजनामा दोब्बर समय वितिसक्दा पनि निर्माण सम्पन्न नभएको विषय उहाँले उठाउनुभएको छ ।

सांसद सुमित्रा विसीले बालबालिकाको हितमा काम गरिरहेको राष्ट्रिय बाल अधिकार परिषद्का लागि आगामी आर्थिक वर्षमा बजेट विनियोजन हुन नसकेको विषय उठाउनुभएको छ ।

सांसद मायाप्रसाद शर्माले विद्यालयका कर्मचारी आन्दोलित भएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो । कानुनी राज्य स्थापनाका लागि कानुन निर्माण गर्ने विषयलाई प्राथमिकतामा राख्नुपर्ने पनि उहाँको भनाइ छ ।

सांसद युवराज शर्माले नेपालमा भारतीय चलचित्र रोक लगाइएको, बजेटमार्फत् रोजगारी सिर्जना गर्ने विषयलाई सम्बोधन हुन नसकेको, विभिन्न नदीमा लगाइएको बाँधका कारण तराईका जिल्लामा डुबान पर्ने गरेकोलगायतका विषय उठाउनुभयो ।

सांसद मदनकुमारी शाह गरिमाले सुदूरपश्चिम क्षेत्रलाई सरकारले सधैँ उपेक्षा गर्ने गरेको बताउनुभयो । अहिले कैलालीको गेटामा आन्दोलन चलिरहेकोमा सरकारले त्यसलाई बेवास्था गरेकोबारे पनि उहाँले संसदमार्फत् सरकारको ध्यानाकर्षण गर्नुभयो ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit, City Express, Best Remit, Prabhu Money Transfer, IME, himal remit, CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*